# सिरानचोक गाउँपालिकाको 'घ' वर्ग निर्माण व्यवसायी, इजाजतपत्र कार्यविधी, २०७५

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

# सिरानचोक गाउँपालिका

## घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७४

प्रस्तावना :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को छ १० अनुसार घ वर्गको इजाजत पत्र स्थानिय तह बाट नै जारी, नविकरण तथा खारेजी सम्बन्धित स्थानीय तहको भएकोले सो इजाजत पत्रलाई व्यवस्थित गर्न यो सिरानचोक गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि २०७४ जारी गरिएको छ ।

### परिच्छेद – १

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रराम्भ : (१) यस कार्यविधिको नाम सिरानचोक गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि २०७४ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलगेमा ।

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था वा प्रदेश सरकार वा सिरानचोक गाउँपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई सम्झाउँछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि परिच्छेद ३ सँग सम्बन्धित इजाजतपत्र सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले सिरानचोक गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले यस कार्यिविधिको दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "कोष" भन्नाले निर्माण व्यवसायी कोषलाई सम्झनु पर्दछ ।

(झ) "ऐन तथा नियमावली" भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ र नियमावली २०५६ सम्झनु पर्दछ ।

### परिच्छेद – २

### इजाजत पत्रको निति र समिति सम्बन्धी व्यवस्था

३. निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक निति तयार गर्न देहाय बमोजिमको सार्वजनिक निर्माण समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) पूर्वाधार विकास समितिको संयोजक -सदस्य

(ग) योजना अधिकृत वा योजना शाखा प्रमुख -सदस्य

(घ) लेखा अधिकृत वा लेखा शाखा प्रमुख - सदस्य

(ङ) अध्यक्षले तोकेको प्राविधिक तथा निर्माण शाखा प्रमुख वा निजले तोकेको प्राविधिक -सदस्य सचिव

४. समितिको बैठक सम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

५. निर्माण व्यवसायको प्रवर्द्दन तथा व्यवस्थापन गर्ने सम्बन्धमा सिरानचोक गाउँपालिकालाई आवश्यक सहयोग पुऱ्याउन र छानविन गरी कार्यन्वयन गर्न एक कार्यन्वयन समितिको गठन हुनेछ ।

(क) प्राविधिक तथा निर्माण शाखाका प्रमुख वा तोकिएको प्राविधिक -अध्यक्ष

(ख) प्राविधिक - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको व्यक्ति - सदस्य सचिव

६. समितिको बैठक सम्बन्धी कार्यविधी समिति आफैले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद – ३

## इजाजत पत्र सम्बन्धी व्यवस्था

७. इजाजत पत्रको लागि दरखास्त दिनुपर्ने : सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा निर्माण गर्न इजाजत पत्रको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ । प्राप्त हुन आएको दरखास्तलाई प्रमुख प्रशासकीय अधिकृतले सोको जाँच बुझ गर्न दफा ५ अनुसार गठित समितिबाट जाँच बुझ गराउनु पर्नेछ ।

८. दरखास्त जाचबुझ गर्नुपर्ने : (१) दफा ७ बमोजिम दरखास्त पर्न आएपछि समितिले त्यस्तो दरखास्तवाला निर्माण व्यवसयीको आर्थिक तथा प्राविधिक योग्यता जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरण सँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

९. इजाजत पत्र दिन सिफारिस गर्ने : दफा ८ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निर्माण व्यवसायीको माग बमोजिम इजाजत पत्र दिन मनासिव देखेमा समितिको दरखास्त परेको मितिले तिस दिन भित्र गाउँ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

१०. इजाजतपत्र दिनु पर्ने : (१) दफा ९ बमोजिम समितिबाट सिफारिस भई आए पछि त्यस्तो सिफारिस भई आएको मितिले पन्ध्र दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित दरखास्तवाला सँग इजाजत पत्र दर्ता शुल्क रु. २५,०००।–(अक्षरुपी पच्चीस हजार मात्र), नविकरण शुल्क रु. १०,०००।– (अक्षरुपी दश हजार मात्र) (आ.ब. समाप्त भएको तिन महिना भित्र नविकरण गराएमा रु. १०,०००।–(अक्षरुपी दश हजार मात्र), तिन महिना देखि ६ महिना सम्म २०,०००।– (अक्षरुपी विस हजार), ६ महिना देखि १ वर्ष सम्म २५,०००।–(अक्षरुपी पच्चिस हजार मात्र) र एकवर्ष भन्दा बढी भएमा लाइसेन्स खारेज गर्ने दस्तुर लिई निजलाई अनुसुची – २ बमोजिम ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

११. इजाजतपत्रको नविकरण सम्बन्धी व्यवस्था : (१) दफा १० को उपदफा १ बमोजिम प्रदान गरिएको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यमा समाप्त हुनेछ ।

(२) उपदफा १ बमोजिम इजाजतपत्रको अबधी समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधी समाप्त भएको मितिले तीन महिना भित्र अनुसुची -४ बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी नविकरणको लागि दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम इजाजतपत्र नविकरणको दरखास्त नविकरण गराउन नसक्ने निर्माण व्यवसायीले त्यस्तो म्याद नाघेको छ महिना भित्र सो इजाजतपत्र नविकरण गराउन चाहेमा नविकरण दस्तुरको दोब्बर दस्तुर राखी दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा ४ बमोजिम दरखास्त परेपछि अध्यक्षले त्यस्तो इजाजतपत्र उपर आवश्यक जाँचवुझ गरी इजाजतपत्र नविकरण गरिदिनु पर्नेछ ।

सिरानचोक गाउँ कार्यपालिका ... गण्डकी प्रदेश

१२. दर्ता किताब : (१) समितिले यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजतपत्र किताब खडा गरी अधावधीक बनाई राख्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको दर्ता किताबमा यो कार्यविधी प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम प्रदान गरिएका इजाजतपत्रको अभिलेख समेत दुरुस्त बनाइ राख्नु पर्नेछ ।

## परिच्छेद – ४

## घ वर्ग निर्माण व्यवसायी र दायित्व

१३. (१) अनुसुची-६ बमोजिमको योग्यता हुनेलाई घ वर्गको निर्माण व्यवसायी भनिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधी प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोही वर्गमा स्वतः वर्गिकृत भएको मानिनेछ ।

१४. सार्वजनिक निर्माण कार्यको विवरण पेश गर्ने दायित्व : (१) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य गरेको प्रमाण पत्र प्राप्त गरेको पैतिस दिन भित्र अनुसूची-७ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु सम्बन्धित निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि सम्बन्धित निर्माण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको एक प्रति विवरण सम्बन्धित कार्यालयलाई पनि पठाउनु पर्नेछ ।

(३) समितिले उपदफा १ बमोजिम प्राप्त विवरणको अभिलेख अनुसुची – ८ बमोजिम राख्नु पर्नेछ ।

१५. निर्माण व्यवसायीलाई समुहीकरण गर्ने आधार : निर्माण व्यवसाय नियमावली २०५६ को नियम १० बमोजिम वर्गीकृत निर्माण व्यवसायीलाई सामुहीकरण गर्ने आधार नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## विविध

१६. सहुलियतमा पैठारी गरिएका सामानको विवरण पेश गर्नुपर्ने : द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अन्तर्गत स्वदेशी वा विदेशी निर्माण व्यवसायीले नेपाल भित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नुपर्नेछ ।

१७. कोषमा बुझाउनु पर्ने दस्तुर : निर्माण व्यवसाय ऐन-२०५५ को दफा १७ को उपदफा २ को खण्ड – ख को प्रयोजनको लागि निर्माण व्यवसायीले स्वीकृत ठेक्का अंकको ०.२०(सुन्य दशमलव दुई सुन्य) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नु पर्नेछ ।

१८. इजाजतपत्रको प्रतिलिपि दस्तुर : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउनको लागि रु. १०००।– दस्तुर दाखिला गर्नु पर्नेछ ।

१९. बाधा अड्काउ फुकाउने : यस कार्यविधिमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

२०. बचाउ तथा खारेजी : यस कार्यविधीमा भएको कुनै प्रावधान नेपालको संविधान अनुसारको प्रचलित ऐन, नियमावली र प्रचलित कानून सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची – १
(दफा ७ सँग सम्बन्धित)
ईजाजतपत्रको लागि दिईने दरखास्त)
विषय :- इजाजतपत्र पाऊ भन्ने बारे ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिरानचोक गाउँ कार्यपालिकाको कार्यालय,
छोप्राक, गोरखा ।

सिरानचोक गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी २०७४ को दफा ७ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको, -

नाम :

ठेगाना :

पोष्ट बक्स :

टलेफोन नं. : फयाक्स नं. : ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | | साझेदारी | |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको अधिकारीक व्यक्तिको :-

नाम :

ठेगाना : पोष्ट बक्स :-

टेलिफोन : फयाक्स :- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूँजी :- जारी पूँजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :-

६. समूहीकरण हुन चाकेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| | | |
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोरखा

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृती | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत संभार | | | |
| २ | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३ | बीमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४ | बाँध, नहर, जलाशय, पानी ट्याङ्की तथा ढल निर्माण, पाईप बिछ्याउने तथा मर्मत संभार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६ | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७ | हाईड्रोलिक स्ट्रक्चर | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको :

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्ने र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूची – २
(दफा १० को उपदफा १ सँग सम्बन्धित)

<u>इजाजतपत्र</u>

मिति :- ....................

ईजाजतपत्र नं. ...................

..................

सिरानचोक गाउँपालिका, घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी २०७४ को दफा १० बमोजिम निर्माण व्यवसाय गर्न ............................................................................................. स्थित कार्यालय भएको .................................... फर्म वा कम्पनीलाई इजाजतपत्रमा प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको :-
दस्तखत :-
नाम :
पद :-
कार्यालय :

(यस वृत्तभित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने
मिति :-

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सिरानचोक गाउँपालिकाको कार्यालय घ्याल्चोक, गोरखा गण्डकी प्रदेश, नेपाल

अनुसूची – ३
(दफा १० को उपदफा २ सँग सम्बन्धित)

## इजाजतपत्र अभिलेख

ईजाजतपत्रको क्रम संख्या :
(अनुसूची -२ मा उल्लेखित क्र.सं. उल्लेख गर्ने)

### खण्ड – क

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-
(क) नाम :-
(ख) ठेगाना :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,-
(क) नाम :-
(ख) ठेगाना :-

३. निर्माण व्यवसायको,-
(क) दर्ता नं. :-
(ख) दर्ता मिति :-

४. ईजाजतपत्रको,-
(क) बर्ग :-
(ख) समूह :-

५. इजाजतपत्र जारी गरेको शुरु मिति :-

### खण्ड – ख
नवीकरण

| सि.नं. | नवीकरण भएको मिति | ईजाजतपत्र नवीकरण दस्तुरको भौचर नं. | नवीकरण दस्तुर बुझाएको मिति | नवीकरण दस्तुर बुझाएको बैंक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## खण्ड – ग
### कार्य अभिलेख विवरण

| सि.नं | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिम को रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## खण्ड – घ
### निर्माण व्यवसायी कोषमा रकम बुजाएको विवरण

| सि.नं | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्बर | ठेक्का सम्झौता बमोजिम को रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा बुझाएको रकम | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची – ४
(दफा ११ को उपदफा २ सँग सम्बन्धित)

## इजाजतपत्र नवीकरणको लागि दिईने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिरानचोक गाउँपालिकाको कार्यालय, गोरखा ।

विषय : ईजाजतपत्र नवीरकण गरी पाऊँ भन्ने बारे ।

निर्माण व्यवसाय सञ्चलन गर्ने ईजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को, -

(क) नाम :-

(ख) ठेगाना :-

(ग) पोष्ट बक्स :-

(घ) टेलिफोन नं. :-

(ङ) फ्याक्स नं. :-

(च) ईमेल :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको, -

(क) नाम :-

(ख) ठेगाना :-

३. निर्माण व्यवसायीको, -

(क) प्रमाणपत्र नं. :-

(ख) दर्ता मिति :-

४. (क) ईजाजतपत्र नं. :-

(ख) ईजाजतपत्र जारी भएको मिति :-

(ग) ईजाजतपत्र जारी गर्ने कार्यालय:-

५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं :-

(ख) नवीकरण मिति :-

६. ईजाजतपत्र नवीकरण दस्तुर । थप दस्तुर बापत रु. .............................. अक्षरेपी .............................. जम्मा गरेको ........................................................ बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायीको
तर्फबाट दरखास्त दिनेको,-
नाम :-
पद :-
दस्तखत :-
मिति :-

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

अनुसूची – ५
(दफा १२ को सँग सम्बन्धित)

<u>इजाजतपत्र दर्ता किताब</u>

| क्र. सं. | इजाजतपत्रको | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको | | इजाजतपत्र | | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समूह | नाम | ठेगाना | जारी मिति | नवीकरण | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची – ६
(दफा १२ उपदफा १ सँग सम्बन्धित)

### "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा २५ लाख रुपैंयाको चालु पुँजी देखाई घरेलु उद्योग तथा गा.पा. उद्योग विकास शाखामा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह उत्तिर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तिर्ण एक जना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
   (क) लेभल मेसिन (एक थान)
   (ख) वाटर पम्प (एक थान)
   (ग) भाईब्रेटर (एक थान)
   (घ) मिक्सर मेसिन
   (ङ) ट्रयाक्टर/ट्रिपर/ [illegible] एक - १
   (च) जेनेरेटर

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनयरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुनें छैन ।

अनुसूची – ७

(दफा १४ उपदफा(१) सँग सम्बन्धित)

## सार्वजनिक निर्माण कार्यको विवरण

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

सिरानचोक गाउँपालिकाको कार्यालय, छोप्राक, गोरखा ।

विषय : निर्माण कार्य विवरण पेश गरेको ।

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्यको विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

१. निर्माण व्यवसायीको,-
   (क) नाम :-
   (ख) ठेगाना :-
२. कार्य योजनाको नाम :-
३. आयोजना/कार्यालयको,-
   (क) नाम :-
   (ख) ठेगाना :-
४. निर्माण व्यवसायी तर्फको ईन्जिनियरको,-
   (क) नाम :-
   (ख) काम गरेको अवधि :-
   (ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता नं :-
५. मुख्य जनशक्ति,-
   (क) प्राविधिक
   (ख) अप्राविधिक
६. ठेक्का सम्पन्न भए बमोजिमको रकम ......................
७. ठेक्का सम्झौता बमोजिमको रकम रु. ......................
८. भेरियसन भए नभएको भएको भए,-
   (क) बृद्धि भएको रकम रु......................
   (ख) कम भएको रकम रु. ......................
९. निर्माण कार्यको संक्षिप्त विवरण :-
   (क)
   (ख)
   (ग)
१०. कार्य समापन प्रमाणपत्र प्राप्त मिति :-
११. ईजाजतपत्र नं.:-

छाप

दस्खस्तवालाको, -

नाम :-

दस्तखत :-

मिति :-

# अनुसूची – ८
(दफा १४ उपदफा (३) सँग सम्बन्धित)

## सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख

| सि.नं. | निर्माण व्यवसायिको नाम | ईजाजत पत्र नं. | निर्माण कार्यको नाम | आयोजना कार्यालयको नाम | आयोजना कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची – ९
(दफा १६ सँग सम्बन्धित)
## सहुलियतमा पैठारी गरिएका सामानको विवरण

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिरानचोक गाउँकार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा

विषय : विवरण पेश गरेको सम्बन्धमा ।

निर्माण मव्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम नेपाल भित्र सहुलियतमा पैठारी गरिएको सवारी साधन, मेशिनरी औजार तथा अन्य यन्त्र, उपकरणको विवरण निम्न बमोजिम खुलाई पेश गरिएको छ ।

१. निर्माण व्यवसायीको, :-
   (क) नाम :-
   (ख) ठेगाना :-
२. कार्य योजनाको नाम :-
३. ठेक्का सम्झौता नम्बर :-
४. सम्झौता अवधि :-
५. आयोजना/कार्यालयको,-
   (क) नाम :-
   (ख) ठेगाना :-
६. सहुलियतमा पैठारी गरिएको सामानहंरुको विवरण :-

| सि.नं. | विवरण | नमूना (मोडल) | क्षमता | निर्माण भएको साल | निर्माता कम्पनी | पैठारी गरेको मिति | लागेको भन्सार महशूल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. सम्झौता बमोजिम सहुलियतमा झिकाउन पाउने सामानहरुको विवरण खुलेको बील अफ क्वान्टीटीको नक्कल यसै दरखास्त साथ पेश गरेको छु । यस दरखास्तमा उल्लिखित विवरण ठीक साँचो छ । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

छाप

प्रमाणित

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल